# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।१०।२४ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सल्यान, कालीमाटी गाउँपालिका वडा नं. ३ स्थित महिला सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष र सवडिभिजन वन कार्यालय, कालीमाटी -३, सल्यानमा कार्यरत फरेष्टरसमेतले तुल्सीपुर-पुरन्धारा-बोटेचौर सडक-खण्ड स्तरोन्नतिको क्रममा हटाइएको महिला सामुदायिक वन उपभोक्ता समूह कालीमाटी -३ को वन क्षेत्रभित्रका विभिन्न जातका रूखहरु कटान, मुछान लगायत विक्री वितरणमा अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **कालिमाटी सव-डिभिजन वन कार्यालय कालिमाटीका फरेष्टर जय पृथ्वीराज वुढाथोकी**ले जिल्ला सल्यान, कालिमाटी गाउँपालिका वडा नं.-३ स्थित महिला सामुदायिक वन उपभोक्ता समूह कालिमाटी, सल्यानको वन क्षेत्रबाट तुल्सीपुर-पुरन्धारा-वोटेचौर सडक खण्डको स्तरोन्नतिको क्रममा हटाइएका रुखहरुको कटान मुछान तथा निकासी कार्यमा लगत, कटान तथा घाटगद्दी रजिष्टर तयार, काठ दाउराको लगत तयार गर्दा घाटगद्दीमा रहेको वास्तविक परिमाणमा भन्दा कम नापजाँच गरी लगत तयार गरी प्रमाणित गरेकोले रु.१,८७,८७७।—बराबरको हानिनोक्सानी भएको हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरको उद्योग गरेको देखिएकोले सोहि दफा अनुसार रु.१,८७,८७७।- (एक लाख सतासी हजार आठ सय सतहत्तर रुपैंया) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २१ बमोजिम सजाय हुन एवं जय पृथ्वीराज वुढाथोकीले नियमानुसार छपान भई कटान भएका रुखहरुमध्ये १५ वटा रुखहरुको उत्पादित काठ घाटगद्दी नगरी लगतमा समेत नराखी हिनामिना गरेको हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेकोले रु.२,६८,५६१।— (दुई लाख अठसट्ठी हजार पाँच सय एकसठ्ठी रुपैंया) बिगो कायम गरी निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भएबमोजिम सोहि ऐनको दफा ३ को उपदफा (१) र सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (घ) बमोजिमको सजाय हुन र सोही ऐनको दफा १७ वमोजिम हिनामिना भएको सम्पति असुलउपर हुनसमेत मागदावी लिइएको छ।

**कालिमाटी सवडिभिजन वन कार्यालय, कालिमाटीका सहायक वन अधिकृत मनोज शर्मा लम्सालले** उक्त सामुदायिक वन उपभोक्ता समूहको वनक्षेत्रबाट संकलन भएका काठदाउराको घाटगद्दी एवं ग्रेडिङ्ग चेकजाँच तथा प्लटको अन्तिम जाँच गर्ने सिलसिलामा कालिमाटी सवडिभिजन कार्यालय, कालिमाटी सल्यानले वदनियतका साथ तयार गरेको गलत लगतलाई नै समर्थन गर्ने गरी प्रतिवेदन पेश गरेको देखिएकोले काठ कटानमुछान एवं घाटगद्दी गर्ने ठेकेदार तथा लगत तयार गर्ने कर्मचारीको मिलेमतोमा उक्त गलत प्रतिवेदन पेश गरेको हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेकोले निज मनोज शर्मा लम्साललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवानाको हुन एवं निज मनोज शर्मा लम्सालले कटान मुछान गर्ने ठेकेदारसँग मिलेमतो गरी रु.१,००,०००।— घुस लिई गलत प्रतिवेदन पेश गरेको पुष्टि हुन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को ३ को उपदफा (१) र सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिमको कसुरमा रु.१,००,०००।— (एक लाख रुपैंया) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) अनुसार कैद र बिगोबमोजिम जरिवाना गरी रिसवत लिएको रकमसमेत जफत हुन मागदाबी लिइएको छ।

**सामुदायिक वन उपभोक्ता समूह कालिमाटी -३, सल्यानका अध्यक्ष भिम बहादुर कवर, कोषाध्यक्ष जुद्द कुमारी वली र सचिव पुष्पा वली खासु मगर**ले कालिमाटी सव डिभिजन वन कार्यालय, कालिमाटीले वास्तविक परिमाणभन्दा कम

नापजाँच गरी लगत तयार गरेको काठको लगत रजिष्टरमा दस्तखत गरी प्रमाणित गरेको देखिएकोले रु.१,८७,८७७।- (एक लाख सतासी हजार आठ सय सतहत्तर रुपैंया) बराबरको काठ दाउरा हानिनोक्सानी हुन गएको हुँदा निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरको उद्योग गरेकोले सोही दफा अनुसार रु.१,८७,८७७।- (एक लाख सतासी हजार आठ सय सतहत्तर रुपैंया) विगो कायम गरी निजहरु भिम बहादुर कवर, जुद्ध कुमारी वली र पुष्पा वली खासु मगरलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २१ बमोजिम सजाय हुन एवं नियमानुसार छपान भई कटान भएका रुखहरुमध्ये १५ वटा रुखहरुको उत्पादित काठ घाटगद्दी नगरी लगतमा समेत नराखी हिनामिना गरेको देखिएको हुँदा निजहरु भिम बहादुर कवर, जुद्ध कुमारी वली र पुष्पा वली खासु मगरले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरले निजहरुलाई रु.२,६८,५६१।- (दुई लाख अठसठ्ठी हजार पाँच सय एकसठ्ठी रुपैंया) बिगो कायम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिमको सजाय हुन र सोही ऐनको दफा १७ वमोजिम हिनामिना भएको सम्पति असुलउपर हुन मागदावी लिइएको छ।

**साथै दुर्गा ट्रेडर्स एण्ड सप्लायर्स, बबई गाउँपालिका -४, दाङ्गका संचालक दुर्गा प्रसाद वलीले** कालिमाटी सवडिभिजन वन कार्यालय, कालिमाटी, सल्यानले तयार गरेको कटान रजिष्टर, घाटगद्दी लगत र काठदाउरा मूल्याङ्कन फारममा उल्लेख भएको काठको नाप साइज तथा गोलिया परिमाणमा, वास्तविक परिमाण भन्दा कम नाप लिई वास्तविक लगत नराखी गैरकानुनी लाभ लिने उद्देश्य राखी रु.१,८७,८७७।- हानिनोक्सानी गरेको देखिएको हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरको उद्योग गरेकोले सोही दफा अनुसार निजलाई रु.१,८७,८७७।- (एक लाख सतासी हजार आठ सय सतहत्तर रुपैंया) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २१ बमोजिमको सजाय हुन र नियमानुसार छपान भई कटान भएका रुखहरु मध्ये १५ वटा रुखहरुको उत्पादित काठ घाटगद्दी नगरी लगतमा समेत नराखी रु.२,६८,५६१।—महिला सामुदायिक वन उपभोक्ता समूह कालिमाटीलाई हानिनोक्सानी गरेको देखिएको हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेकोले रु.२,६८,५६१।— (दुई लाख अठसठ्ठी हजार पाँच सय एकसठ्ठी रुपैंया) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगोसमेत जफत गर्न मागदाबी लिने तथा कटानमुछानको भुक्तानीवापत डिभिजन वन कार्यालय सल्यानका सहायक वन अधिकृत मनोज शर्मा लम्साललाई घुस/रिसवत वापत रु.१,००,०००।— (एक लाख रुपैंया) दिएको पुष्टी हुन आएको हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरेकोले रु.१,००,०००।— (एक लाख रुपैंया) विगो कायम गरी निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ग) अनुसार कैद र बिगोबमोजिम जरिवाना एवं रिसवतवापत दिएको रकमसमेत जफत हुन मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र ३५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज बिशेष अदालत, काठमाडौमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी